# लालझाडी गाँउपालिका संस्था दर्ता तथा नवीकरण कार्यविधि, २०८०

स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११ (ठ) र लालझाडी गाँउपालिका को प्रशासकीय कार्यविधि (नियमित गर्ने) ऐन, २०७५ को दफा ४ को अधिकार प्रयोग गरी लालझाडी गाँउपालिका गाँउ कार्यपालिकाको मिति २०८०/०१/२४ को बैठकबाट यो संस्था दर्ता तथा नविकरण कार्यविधि २०८० पारित गरिएको छ।

**१. संक्षिप्त नाम र प्रारम्भ:**

(१) यस कार्यविधिको नाम "लालझाडी गाँउपालिका संस्था दर्त तथा नवीकरण कार्यविधि, २०८०" रहेको छ।

(२) यो कार्यविधि कार्यपालिकाको बैठकबाट पारित भएको मिति देखि प्रारम्भ हुने छ।

**२. परिभाषा:**

बिषय वा प्रसंगले अर्को अर्थ नलागेमा यस कार्यविधिमा,

(क) "संस्था" भन्नाले सामाजिक, धार्मिक, साहित्यिक, सांस्कृतिक, बैज्ञानिक, शैक्षिक, बौद्धिक सैद्धान्तिक, शारीरिक, आर्थिक, ब्यवसायिक तथा परोपकारी कार्यह रुको विकास एवं विस्तार गरेने उद्देश्यले स्थापना भएको संघ संस्था, क्लब, मण्डल, परिषद, अध्ययन केन्द्र आदि सम्झनुपर्छ।

(ख) "स्थानीय अधिकारी " भन्नाले प्रमुख प्रशासकीय अधिकृतलाई सम्झनुपर्छ।

(ग) "प्रबन्ध समित" भन्नाले संस्थाको विधान अनसुार गठन भएको प्रबन्ध समितिलाई सम्झनुपर्छ।

(घ) "कार्यक्षेत्र" भन्नाले गाँउपालिकालाई कार्यक्षेत्र बनाई मुख्य कार्यालय गाँउपालिका भित्र सञ्चालन भएकोलाई सम्झनु पर्छ।

**३. दर्ता नगरी संस्था खोल्न नहुने :**

यस कार्यविधि बमोजिम दर्ता नगरी कसैले पनि संस्था स्थापना गर्न हुदैन।

**४. संस्था दर्ता**

(१) संस्था स्थापना गर्न चाहने कुनै सात जना वा सो भन्दा बढी व्यक्तिहरुले संस्था सम्बन्धी देहायको विवरण खुलाई संस्थाको बिधानको एक प्रति र तोकिएको दस्तुर सहित अनसुची १ को ढाँचामा स्थानीय अधिकारी समक्ष निवेदन दिनु पर्नेछ।

क) संस्थाको नाम,

(ख) संस्थाको उद्देश्यहरु,

(ग) प्रबन्ध समितिका सदस्यहरुको नाम, ठेगाना र पेशा,

(घ) आर्थिक श्रोत,

(ङ) कार्यालयको ठेगाना

अध्यक्ष

(२) दफा (१) बमोजिमको निवदेन प्राप्त भएपछि स्थानीय अधिकारीले आवश्यक जाँचबुझ गरी संस्था दर्ता गर्न उचित ठानेमा अनसुची-२ बिमोजिमको दर्ता किताबमा संस्था दर्ता गर्नुपर्नेछ र यसरी संस्था दर्ता गरी सकेपछि अनसुची ३ बमोजिमको दर्ताको प्रमाण-पत्र दिनेछ।

(३) स्थानीय अधिकारीले कुनै संस्था दर्ता नगर्ने निर्णय गरेमा त्यस्को सूचना निवेदकलाई दिनुपर्नेछ र निवेदकले सूचना प्राप्त गरेको मितिले ३५ दिन भित्र त्यस्तो निर्णय उपर गाँउपालिका अध्यक्ष समक्ष उजूर गर्न सक्नेछ।

(४) उपदफा (३) बिमोजिमको उजुरी प्राप्त भएपछि गाँउपालिका अध्यक्षले आवश्यक जाँचबझु गरी त्यस्तो संस्था दर्ता गर्न मनासिब ठहराएमा सो संस्था दर्ता गर्न स्थानीय अधिकारीलाई आदेश दिन सक्नेछ र त्यस्तो आदेश भएपछि स्थानीय अधिकारीले संस्था दर्ता गरिदिनु पर्नेछ।

**४. १ दर्ताको अवधि, नवीकरण र दस्तुरः**

(१) दफा ४ (२) बमोजिम दिएको दर्ताको प्रमाण-पत्र एक आर्थिक वर्षसम्म बहाल रहने।

(२) उपदफा (१) बमोजिम संस्थाको दर्ता बहाल रहने अवधि समाप्त भएको मितिले तिन महिना भित्र सम्बन्धित व्यक्तीले स्थानीय अधिकारीबाट पाँच सय रुपैयाँ दस्तुर तिरी दर्ताको प्रमाण-पत्र नवीकरण गराउनु पर्नेछ।

(३) उपदफा (२) बमोजिम म्याद नाघेपछि कुनै संस्थाले त्यस्तो म्याद नाघी नवीकरण हुन नसकेको मनासिब कारण देखाई दर्ताको प्रमाण-पत्र नवीकरणको लागि निवेदन दिन आएमा स्थानीय अधिकारीले उपदफा (२) बमोजिम लाग्ने दस्तुरमा देहाय बिमोजिमको थप दस्तुर लिई नवीकरण गरी दिन सक्नेछ।

(क) उपदफा (२) बमोजिम म्याद नाघेपछि तिन महिनाको लागि रू ५००।–

(ख) खण्ड (क) को म्याद नाघेपछि आषाढ मसान्त सम्मको लागि रू. १,०००।–

(ग) खण्ड (ख) को म्याद नाघेपछि अर्को एक आर्थिक वर्षको लागि रु.१,०००।- को दरले दुई आर्थिक वर्षको लागि रु. २,०००।–

(४) उपदफा (२) र (३) मा जनुसुकै कुरा लेखिएको भएता पनि म्याद भित्र नवीकरण नगराएका संस्थाहरूले दर्ताको प्रमाण-पत्र नवीकरण हुन नसकेको मनासिव कारण देखाई नवीकरणको लागि निवेदन दिएमा प्रत्येक आर्थिक वर्षको लागि लाग्ने नवीकरण दस्तुरको अतिरिक्त प्रत्येक आर्थिक वर्षको लागि एक हजार रुपैयाँका दरले थप जरिवाना समेत लिई स्थानीय अधिकारीले त्यस्तो दर्ताको प्रमाण-पत्र नवीकरण गरि दिन सक्नेछ।

५) दर्ताको प्रमाण-पत्र नवीकरण गर्ने संस्थाले निवेदन दिंदा कार्य समितिका पदाधिकारीहरुको नामावली तथा प्रगति प्रतिवेदन र लेखापरिक्षण प्रतिवेदन समेत संलग्न गर्नु पर्नेछ।

६) उपदफा (३) बमोजिम दर्ताको प्रमाण-पत्र नवीकरण गरेको जानकारी स्थानीय अधिकारीले नेपाल सरकार, गृह मन्त्रालयलाई दिनु पर्नेछ।

अध्यक्ष

**५. संगठित संस्था मानिने :**

(१) यस कार्यविधि अन्तरगत दर्ता भएको प्रत्येक संस्था अविच्छिन्न उत्तराधिकारवाला स्वशासित र संगठित संस्था हुनेछ । यी संस्थांको सबै कामको निमित्त आफ्नो एउटा छुट्टैछाप हुनेछ ।

(२) संस्थाले व्यक्ति सरह चल अचल सम्पत्ति प्राप्त गर्न, उपभोग गर्न र बेचविखन गर्न सक्नेछ ।

(३) संस्थाले व्यक्ति सरह आफ्नो नामबाट नालिस उजुरी गर्न सक्नेछ र सो उपर पनि सोही नामबाट नालिस उजुरी लाग्नेछ ।

**६. संस्थाको सम्पत्तिः**

(१) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै व्यक्तिले संस्थाको विधान विरुद्ध सस्थाको कुनै सम्पत्ति दुरुपयोग गरेमा, कब्जा गरेमा वा रोक्का राखेमा स्थानीय अधिकारीले त्यस्तो सम्पत्ति दुरुपयोग गर्ने, कब्जा वा रोक्का राख्नेबाट लिई संस्थालाई फिर्ता बुझाई दिन सक्नेछ ।

(२) उपदफा (१) बमोजिमको संस्थाको सम्पत्ति फिर्ता गर्ने गरी स्थानीय अधिकारीले गरेको कारवाहीमा चित्त नबुझ्ने ब्यक्तिले जिल्ला अदालतमा पनुरावेदन दिन सक्नेछ ।

(३) संस्थाको सदस्य वा कर्मचारी लगायत कुनै ब्यक्तिले संस्थाको कुनै सम्पत्ति वा लिखत वा प्रतिष्ठा विरुद्ध कुनै अपराध वा विराम गरेमा संस्था, संस्थाको कुनै सदस्य वा स्थानीय अधिकारीले प्रचलित कानून बमोजिम मुद्दाको कारवाई चलाउन सक्नेछ ।

**७. अघि दर्ता नभई स्थापना भएका संस्थाले दर्ता गर्ने :**

यो  कार्याविधि प्रारम्भ हनु भन्दा अघि तत्काल प्रचलित कानून बमोजिम दर्ता नभई स्थापना भई रहेका संस्थाले पनि यो कार्यविधि प्रारम्भ भएको मितिले तिन महिना भित्र यो कार्यविधि बमोजिम दर्ता गराउनु पर्नेछ ।

**८. संस्थाको उद्देश्यहरुमा हेरफेरः**

(१) संस्थाको उद्देश्यहरुमा  हेरफेर गर्न आवश्यक देखेमा वा सो संस्थालाई कुनै अर्को संस्थामा गाभ्न उचित देखेमा सो संस्थाको प्रबन्ध समितिले तत्सम्वन्धी  प्रस्ताव तयार गरी प्रस्ताव उपर छलफल गर्न संस्थाको विधान बमोजम साधारण सभा बोलाउनु पर्नेछ ।

(२) साधारण सभामा उपस्थित भएका जम्मा सदस्य संख्याको दई तिहाई सदस्यहरुले प्रस्तावमा समर्थन जनाएमा सो प्रस्ताव साधारण सभाबाट पारित भएको मानिनेछ । तर सो प्रस्ताव लागू गर्न स्थानीय अधिकारीको पूर्व स्वीकृति लिनु पर्नेछ ।

**९. हिसाबको विवरण पठाउनु पर्ने :**

प्रबन्ध समितिले आफ्नो संस्थाको हिसाबको विवरण लेखा परीक्षकको प्रतिवेदन सहित प्रत्येक वर्ष स्थानीय अधिकारी कहाँ पठाउनु पर्नेछ।

अध्यक्ष

## १०. हिसाब जाँच गर्ने:

(१) स्थानीय अधिकारीले आवश्यक देखेमा संस्थाको हिसाब आफुले नियुक्त गरेको कुनै कर्मचारीबाट जांच गराउन सक्नेछ।

(२) उपदफा (१) बमोजिम हिसाब जाँच गराए बापत स्थानीय अधिकारीले हिसाब जांचबाट देखिन आएको संस्थाको मौज्दात रकमको सयकडा तिन प्रतिशतमा नबढाइ आफैले निर्धिरत गरेको दस्तुर असूल गरी लिन सक्नेछ।

(३) हिसाब जांच गनेकर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ दिनु संस्थाको पदाधिकारी, सदस्य र कर्मचारीको कर्तव्य हुनेछ। (४) हिसाब जांच गर्ने कर्मचारी स्थानीय अधिकारीले तोकी दिएको म्याद भित्र हिसाब जाँचको प्रतिवेदन स्थानीय अधिकारी समक्ष पेश गर्न पर्नेछ र सो प्रतिवेदनको आधारमा संस्थाको कुनै सम्पत्ति सो संस्थाको कुनै पदाधिकारी, सदस्य वा कर्मचारीले हिनामिना गरेको, नोक्सान गरेको वा दुरुपयोग गरेको छ भन्ने स्थानीय अधिकारीलाई लागेमा निजले त्यस्तो पदाधिकारी, सदस्य वा कर्मचारीबाट सो हानी नोक्सानी असुल गर्न प्रचलित कानून बिमोजिम कारवाई चलाउन सक्ने तर प्रचलित कानूनले सजाय समेत हुने अपराध भएकोमा प्रचलित कानून बिमोजिम मुद्दा चलाउन लगाउनेछ।

## ११. निर्देशन दिन:

लालझाडी गाँउपालिकाले संस्थालाई आवश्यक निर्देशन दिन सक्नेछ र त्यस्तो निर्देशनको पालना गर्नु सम्बन्धित संस्थाको कर्तव्य हुने छ।

## १२. दण्ड सजाय:

(१) दफा ३ बमोजिम दर्ता नगराई संस्था स्थापना गरेमा वा दफा ७ बमोजिम दर्ता नगरी संस्था संचालन गरेमा त्यस्ता संस्थाका प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही दुई हजार रुपैयाँ सम्म जरीवाना गर्न सकनेछ।

(२) दफा ९ बमोजिम हिसावको विवरण नपठाएमा प्रवन्ध समितिका सदस्यहरुलाई स्थानीय अधिकारीले जनही पाँच सय रुपैया सम्म जरीबाना गर्न सक्नेछ। तर कुनै सदस्यले दफा ९ उल्लंघन हुन नदिन सकभर प्रयत्न गरेको थियो भन्ने सन्तोष हुने प्रमाण पेश गर्न सकेमा निजलाई सजाय गरिनेछैन।

(३) दफा १० को उपदफा (३) बमोजिम हिसाब जाँच गर्ने सम्वन्धित कर्मचारीले मागेको विवरण तथा कागजपत्रहरु वा सोधेको प्रश्नको जवाफ नदिने सम्बन्धित पदाधिकारी, सदस्य वा किर्मचारीलाई स्थानीय अधिकारीले पाँच सय रुपैयाँ सम्म जरीवाना गर्न सक्नेछ।

(४) दफा ८ बमोजिम स्थानीय अधिकारीको स्वीकृति नलिई संस्थाको उद्देश्यमा हेरफेर गरेमा वा अर्को संस्था सित गाभेमा वा संस्थाले आफ्नो उ्देश्य प्रतिकुल हु ने गरी काम कारवाही गरेमा वा गाँउपालिकाले दिएको निर्देशन पालन नगरेमा स्थानीय अधिकारीले त्यस्तो संस्थाको दर्ता निलम्बन गर्न वा खारेज गर्न सक्नेछ।

अध्यक्ष

**१३. पनुरावदेन:**

दफा १२ बमोजिम स्थानीय अधिकारीले गरेको अन्तिम निर्णय उपर पैंतिस दिन भित्र जिल्ला अदालतमा पनुरावेदन लाग्नेछ ।

**१४. संस्थाको विघटन र त्यस्को परिणाम:**

(१) संस्थाको विधान बमोजिम कार्य सञ्चालन गर्न नसकी वा अन्य कुनै कारण वश संस्था विघटन भएमा त्यस्तो संस्थाको सम्पूर्ण जाय जेथा लालझाडी गाँउपालिकामा सर्नेछ ।

(२) उपदफा (१) बमोजिम विघटन भएको संस्थाको दायित्वको हकमा सो संस्थाको जाय जेथा थामे सम्म त्यस्तो दायित्व नेपाल सरकारले व्यहोर्नेछ ।

**१५. अन्य नपोल ऐन बिमोजिम दर्ता वा स्थापना गर्नु पर्ने :**

कुनै संस्थाको दर्ता वा स्थापना गर्ने सम्बन्धमा अर्को नेपाल ऐनमा छुट्टै व्यवस्था भएकोमा यस कार्यविधिमा अन्यत्र जनुसुकै कुरा लेखिएको भएता पनि त्यस्तो संस्था सोही ऐन बमोजिम दर्ता वा स्थापना गर्नु पर्नेछ ।

अध्यक्ष

अनसुची १

(दफा ३ संग सम्बन्धित)

निवेदन पत्रको ढाँचा

श्री प्रमुख प्रशासकीय अधिकृत,
लालझाडी गाँउपालिका,
गाँउ कार्यपालिकाको कार्यलय
शंकरपुर, कंन्चनपुर।

मिति :

महोदय,

हामीले.........................................................................................................................................................सम्बन्धी संस्था दर्ता गर्न चाहेकोले स्थानीय सरकार संचालन ऐन, २०७४ बमोजिम संस्था दर्ता गर्नको लागि देहायको विवरण खोली निवेदन गरेका छौ। प्रस्तावित संस्थाको विधानको एक प्रति पनि यसै साथ संलग्न गरिएको छ।

विवरण

१ संस्थाको नामः

२.संस्थाको उदेश्य:

क.

ख.

ग.

| प्रवन्ध समितिका सदस्यहरुको | नाम | ठेगाना | पेशा |
|---|---|---|---|
| क) | | | |
| ख) | | | |
| ग) | | | |
| घ) | | | |
| ङ) | | | |
| च) | | | |
| छ) | | | |

४. आर्थिक श्रोत

५. कार्यालयको ठेगाना:

भवदीय

पदाधिकारीहरुको नाम

अनसुची २

(दफा ४ संग सम्बन्धित)

दर्ता किताबको ढाँचा

संस्थाको दर्ता किताब

| दर्ता नं | दर्ता मिति | | | संस्थाको ठेगाना | संस्थाको उद्देश्य | संस्थाको पदाधिकारी एवं सदस्यहरुको ठेगाना | कैफियत |
|---|---|---|---|---|---|---|---|
| | साल | महिना | गते | | | | |
| | | | | | | | |

अनसुची ३

(दफा ४ संग सम्बन्धित)

प्रमाण–पत्रको ढाँचा

संस्था दर्ताको प्रमाण-पत्र

दर्ता नं. : मिति :

स्थानीय सरकार सञ्चालन ऐन २०७४ को दफा ११ उपदफा (४) (ठ) वमोजिम ............ साल .......... महिना ...... गतेमा ...................................................................................................... नामको संस्था दर्ता गरी यो प्रमाण-पत्र दिइएको छ ।

प्रमुख प्रशासकीय अधिकृतको

सही:

पुरा नाम:

दर्जा:

कार्यालय:

मिति:

अध्यक्ष

## नविकरण

| नविकरण गरेको मिति | दर्ता प्रमाण पत्र बहाल रहने अवधी | रसिद नं./नविकरण दस्तुर | नविकरण गर्नेको हस्ताक्षर |
|---|---|---|---|
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |
| | | | |

अध्यक्ष

अनसुची ४

(दफा ४ संग सम्बन्धित)

संस्थालाई दिने पत्रको ढाँचा

मितिः

अध्यक्ष

श्री ............................................

लालझाडी गाँउपालिका....................., कन्चनपुर।

बिषयः संस्था दर्ता प्रमाण पत्र पठाईएको।

उपरोक्त बिषय सम्वन्धमा तपाँई लगायत लालझाडी गाँउपालिका वडा नं. ..... का..... जनाले सामाजिक कार्य गर्ने उद्देश्य राखी श्री ............................................नामक संस्था दर्ताका लागि यस गाँउपालिका गाँउ कार्यपालिकाको कार्यालयमा संस्थाको विधान र तदर्थ समितिको निर्णय समेत संलग्न राखी निवेदन पेश गरेकाले निवेदन उपर कारवाही हुदा माग अनुसारको संस्था दर्ता गरिदिने निर्णयानुसार संस्था दर्ता भएको नं. .............को सक्कल प्रमाण पत्र १ थान र विधानको प्रमाणित प्रति थान २ संलग्न राखी पठाईएको छ। साथै त्यस संस्थाले निम्न शर्तहरु पालना गर्नु पर्ने व्यहोरा पनि सुचना गरिएको छ।

शर्तहरु

संस्थाले कार्य सञ्चालन गर्दा विधानको उद्देश्य बमोजिम गर्ने छ।

संस्थाको हिसाव किताव कानुनमा व्यवस्था भए अनुसार राख्नु पर्ने छ।

प्रत्येक आर्थिक बर्षको समाप्तिमा यस कार्यालयमा प्रतिवेदनहरु पेश गर्ने छ।

अषाढ मसान्त पछी प्रत्येक आर्थिक बर्षको लागि नविकरण गराउनु पर्ने छ।

आर्थिक बर्ष समाप्त भएको ९० दिन भित्र नविकरण नगराएमा नविकरण दस्तुरको शत प्रतिशत जरिवाना लाग्ने छ।

अन्य कुरा यस गाँउपालिकाको संस्था दर्ता कार्यविधि २०७९ बमोजिम हुने छ।

......................

प्रमुख प्रशासकीय अधिकृत

बोधार्थ

आन्तरिक राजश्व कार्यालय

महेन्द्रनगर, कन्चनपुर।

अध्यक्ष